
## संस्थागत कार्यक्षेत्र तथा उद्देश्य

### कार्यक्षेत्र :

यस शहरी विकास तथा भवन निर्माण विभागको मुख्य रूपमा निम्न तीन उद्देश्य रहेका छन् ।




**शहरी विकास :** विद्यमान सांस्कृतिक, पर्यटकीय तथा ऐतिहासिक क्षेत्रहरूको संरक्षण तथा संवर्धन हुने गरी आधुनिक, भौतिक सुविधाहरूको व्यवस्था गरी दिगो रूपले शहरहरूको विकास तथा गाउँ र नगरबीचको अन्तः सम्बन्धलाई सुदृढ गर्ने ।

विद्यमान सांस्कृतिक, पर्यटकीय तथा ऐतिहासिक क्षेत्रहरूको संरक्षण तथा संवर्धन हुने गरी आधुनिक, भौतिक सुविधाहरूको व्यवस्था गरी दिगो रूपले शहरहरूको विकास तथा गाउँ र नगरबीचको अन्तःसम्बन्धलाई सुदृढ गर्ने।

**आवास तथा वस्ती विकास :** व्यवस्थित बसोबासको प्रवर्धन गर्दै सुरक्षित तथा किफायती खालका आवासहरू उपलब्ध गराउने ।

**भवन तथा वास्तुकला :** सुरक्षित, किफायती र वातावरण अनुकूल सकभर स्वदेशी वास्तुकला झल्कने खालका भवनहरू निर्माण तथा विकास गराउने ।

### कार्यहरु :

शहरी बिकास तथा भवन निर्माण बिभाग नेपालराज्य भरी ब्यबस्थित बसोवासको व्यबस्थालाई प्रबर्धन गर्ने तथा आम जनताको आधारभूत आवश्यकताको रुपमा रहेको भवन निर्माणको उपयुक्त मापदण्ड तय गरि सुरक्षित, किफायती भवन निर्माणको बिधामा निरन्तर क्रियाशिल संगठन हो । उपरोक्त कार्यहरुलाई व्यबस्थित तुल्याउन यस बिभागले नेपाल सरकारले निर्दिष्ट गरे अनुसार देहायका कार्यहरु सम्पादन गर्दै आएको छ ।

- सरकारी निकायहरुको भवन निर्माण, सुधार र पुनः निर्माणको लागि डिजाइन, लागतअनुमान र अन्य परामर्श सेवा उपलव्ध गराउने,
- सरकारी भवनहरुको डिजाइन तथा निर्माण कार्यहरुको गुणस्तर अभिवृद्धि गर्न सरकारी भवनहरुको डिजाइन तथा निर्माणमा संलग्न रहने परामर्शदातृहरुको गुणस्तर कायम गराउन आवश्यक मापदण्ड तथा निर्देशिका तयार गरी लागू गर्ने,
- भवन निर्माण सम्वन्धी निर्देशिका तथा नर्म्स तयार गर्ने,
- भवन निर्माणको लागि Site Plan तयार गर्ने,
- भवनहरुको स्यानिटरी योजना, Air Conditioning System, Thermal Insulation, Acoustic Design Lift, Escalator System हरुको विस्तृत डिजाइन र लगतअनुमान तयार गर्नको लागि समन्वय गर्ने,
- सवै सरकारी भवनहरुको अद्यावधिक लगत संकलन गरी सोको आधारमा सरकारी भवन मर्मत सम्वन्धी दीर्घकालिन नीति तयार गरी सो अनुरुप कार्य गर्ने,
- भवन निर्माण सम्वन्धी अन्य मुलुकहरुको अनुभवलाई समेत दृष्टिगत गरी उपयुक्त प्रविधि छनौट गरी सरकारी तथा गैर सरकारी क्षेत्रमा प्रयोग गर्न प्रचार प्रसार गर्ने,

- दर विश्लेषण तथा निर्माण निर्देशिका तयारी सम्वन्धी कार्य गर्ने,
- शहरी वस्तीहरुको व्यवस्थित विकासको मार्गमा आइपर्ने समस्याहरु समाधान गर्न र वढ्दो वातावरणीय समस्याको निराकरण गर्न आवश्यक कार्यनीति र विस्तृत योजना तर्जुमा गरी स्थानिय निकायहरुसंग समन्वय र साझेदारी कायम गर्दै क्रमशः लागू गर्दै जाने,
- नगर विकास ऐन, नगर विकास योजना सम्वन्धी मापदण्ड अनुसारको योजना क्रमशः लागू गर्दै जाने,
- भवन निर्माण संहिता अद्यावधिक गरी क्रमशः लागू गर्ने,
- स्थानिय निकायहरुलाई आफ्नो योजना तथा कार्यक्रम संचालन गर्न सक्ने तुल्याउन ती निकायहरुको प्राविधिक क्षमता अभिवृद्धि गर्न सहयोग गर्ने,
- स्थानिय निकायहरुको वीच ती निकायहरुलाई प्रभाव पार्ने विकास योजनाको तर्जुमा र कार्यान्वयनमा समन्वय र साझेदारी कायम गर्ने,
- शहरी विकास तथा भवन निर्माण सम्वन्धी अल्पकालिन तथा दीर्घकालिन योजनाहरु तर्जुमा गर्ने तथा क्रमशः लागू गर्दै जाने,
- शहरी वातावरण संरक्षण सम्वन्धी कार्यहरु गर्ने ।
- संयुक्त आवास भवनहरुको मापदण्ड, राष्ट्रिय भवन संहिताहरु सम्बन्धी चेक जाँच गर्ने र निर्माण, अनुगमन तथा संचालनको नियमन गर्ने ।
- समय समयमा नेपाल सरकारबाट तोकिए बमोजिमको अन्य कार्यहरु गर्ने ।

# दरवन्दी अवस्था

अनुसूची ४ : पददर्ता फाराम

कार्यालय तथा दरबन्दी विवरण

| | |
|---|---|
| १क. कार्यालय सम्बन्धी विवरण | पयाक्स नं. : ५३६२३६५ |
| कार्यालयको नाम : शहरी विकास तथा भवन निर्माण विभाग | जिल्ला : काठमाडौं |
| कार्यालयको नाम (अंग्रेजीमा) : Department of Urban Development & Building Construction | गा.वि.स./उप.न.पा./म.न.पा. : काठमाडौं |
| मन्त्रालय/केन्द्रीय निकाय : शहरी विकास मन्त्रालय | वडा नं.: |
| निकटतम माथिल्लो निकाय : शहरी विकास मन्त्रालय | स्थान : बबरमहल, काठमाडौं |
| कार्यालयको स्तर : केन्द्रीय स्तर | फोन नं.: |
| शुरु पद सृजना भएको : २०७९/०१/२७ | ईमेल : info@dudbc.gov.np |
| पछिल्लो अद्यावधिक मिति : २०८१/०६/२१ | वेबसाइट : www.dudbc.gov.np |

१ख. कार्यालयको दरबन्दी तेरिज

| सि.नं. | पदको नाम | श्रेणी/तह | सेवा | समूह | उपसमूह | साबिक | थप | घट | खुद कायम | पद संकेत नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्र | इन्जि | सिभिल | बि.आ. | १ | ० | ० | १ | | |
| २ | उपमहानिर्देशक | रा.प.प्र | इन्जि | सिभिल | बि.आ. | ३ | १ | ० | ४ | | |
| ३ | उप-सचिव | रा.प.द्वि | प्रशासन | सा.प्र. | | १ | ० | ० | १ | | |
| ४ | उप-सचिव | रा.प.द्वि | प्रशासन | लेखा | | १ | ० | ० | १ | | |
| ५ | सि.डि.ई. | रा.प.द्वि | इन्जि | सिभिल | बि.आ. | १२ | ३ | ० | १५ | | |
| ६ | शाखा अधिकृत | रा.प.तृ | प्रशासन | सा.प्र. | | २ | ० | ० | २ | | |
| ७ | लेखा अधिकृत | रा.प.तृ | प्रशासन | लेखा | | १ | ० | ० | १ | | |
| ८ | कानून अधिकृत | रा.प.तृ | न्याय | कानून | | १ | ० | ० | १ | | |
| ९ | इन्जिनियर | रा.प.तृ | इन्जि | सिभिल | बि.आ. | २२ | २ | ० | २४ | | |
| १० | इन्जिनियर | रा.प.तृ | इन्जि | इले | ज.इले. | १ | ० | ० | १ | | |
| ११ | इन्जिनियर | रा.प.तृ | इन्जि | सिभिल | स्यानि. | २ | ० | २ | ० | | |
| १२ | इन्जिनियर | रा.प.तृ | इन्जि | सिभिल | हाइवे | १ | ० | १ | ० | | |
| १३ | तथ्याङ्क अधिकृत | रा.प.तृ | आ.यो | | | १ | ० | ० | १ | | |
| १४ | कम्प्यूटर इन्जिनियर | रा.प.तृ | विविध | | | २ | ० | ० | २ | | |
| १५ | नापी अधिकृत | रा.प.तृ | इन्जि | सर्वे | | १ | ० | ० | १ | | |
| १६ | पुस्तकालय अधिकृत | रा.प.तृ | शिक्षा | पुस्तकालय | | १ | ० | ० | १ | | |
| १७ | ना.सु. | रा.प.अन.प्र | प्रशासन | सा.प्र. | | ७ | ० | ० | ७ | | |
| १८ | लेखापाल | रा.प.अन.प्र | प्रशासन | लेखा | | २ | ० | ० | २ | | |
| १९ | सव-इन्जिनियर | रा.प.अन.प्र | इन्जि | सिभिल | बि.आ. | ३ | ० | ३ | ० | | |
| २० | कम्प्यूटर अपरेटर | रा.प.अन.प्र | विविध | | | ३ | ० | २ | १ | | |
| २१ | खरिदार | रा.प.अन.द्वि | प्रशासन | सा.प्र. | | २ | ० | ० | २ | | |
| २२ | ह.स.चा. | इन्जिनियरिङ्ग | मेकानिकल | जनरल मेका. | | ७ | ० | १ | ६ | | |
| २३ | का.स. | श्रेणी विहिन | | | | १३ | ० | ३ | १० | | |
| | जम्मा | | | | | ९० | ६ | १२ | ८४ | | |
| | आयोजना कार्यान्वयन समूह तर्फ (पुल) | | | | | | | | | | |
| २४ | सु.ई.(आयोजना निर्देशक) | रा.प.प्र | इन्जि | सिभिल | बि.आ. | ६ | ० | ० | ६ | | |
| २५ | सि.डि.ई.(आयोजना उपनिर्देशक) | रा.प.द्वि | इन्जि | सिभिल | बि.आ. | २२ | ४ | ० | २६ | | |
| २६ | इन्जिनियर | रा.प.तृ | इन्जि | सिभिल | बि.आ. | १२७ | २ | ० | १२९ | | |
| २७ | सव-इन्जिनियर | रा.प.अन.प्र | इन्जि | सिभिल | बि.आ. | २७ | ६ | ० | ३३ | | |
| २८ | असिस्टेन्ट सव-इन्जिनियर | रा.प.अन.द्वि | इन्जि | सिभिल | बि.आ. | २० | ० | २० | ० | | |
| | जम्मा | | | | | २०२ | १२ | २० | १९४ | | |
| | कुल जम्मा | | | | | २९२ | १८ | ३२ | २७८ | | |

पद दर्ता हुने कार्यालयको तर्फबाट उपरोक्त निर्णय संलग्न राखी उल्लेखित पद दर्ता गरी जानकारी दिनुहुन अनुरोध छ ।

नाम : मणि राम गेलाल

ई. मणि राम गेलाल

पद : सचिव

कार्यालय : शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं

निजामती किताबखानाको तर्फबाट माथि उल्लेख भएका पद विद्युतीय माध्यमबाट एकीकृत दरबन्दी व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी कार्यालय संकेत मा पद दर्ता गरिएको व्यहोरा प्रमाणित गरिएको ।

दस्तखत :

नाम :

पद :

प्रमाणित गर्ने अधिकृत

## विभागवाट प्रदान गरिने सेवा

यस विभागबाट मुख्यरुपमा निम्न कार्यहरु गरिन्छ ।

## आवास तर्फ

- आवासलाई सर्व सुलभ र सबै वर्गका जनताको पहुँचलाई सुनिश्चित गर्न राष्ट्रिय आवास नीति तयार गर्ने
- ग्रामिण क्षेत्रमा छरिएर रहेका बस्तीहरुलाई एकीकृत गरी घना वस्तीको रुपमा विकास गर्न घनावस्ती विकास हुन सक्ने संभाव्य स्थानहरुको संभाव्यता अध्ययन गरी आवश्यक पूर्वाधारहरुको विकास गर्ने
- काठमाण्डौ उपत्यकाको अव्यवस्थित एवं अस्वस्थकार टोल वस्तीहरुको विस्तारलाई निरुत्साहीत गर्दै व्यवस्थापन गर्न न्यून आय भएका परिवारहरुको आवास सुविधा तथा भौतिक पूर्वाधारहरुको महुँचमा बृद्धी गर्ने
- काठमाण्डौ उपत्यकाका नदी किनारमा तथा अन्य स्थानमा रहेको अव्यवस्थित र अस्वस्थकर बस्तीहरु व्यवस्थत गर्ने
- न्यून आय भएका लक्षित समुदायलाई किफायति आवास निर्माण गरी बसोबासको व्यवस्था गर्न जनता आवास जस्ता कार्यक्रम संचालन गर्ने
- देशका विभिन्न भागमा घनावस्तीको रुपमा विकास भैसकेका र गुचुमुच्चु परेर रहेका वस्तीहरुमा आवश्यक पूर्वाधार बाटो, खानेपानी, शौचालय, नाली, खुला क्षेत्र आदिको व्यवस्था गर्ने
- व्यवस्थित शहरी विकासका लागि जग्गा विकास कार्यक्रमहरु संचालन गर्ने
- आवास र भवन क्षेत्रलाइ देशको आर्थिक गतिविधसँग आवद्ध गर्न निर्माण उद्योग को रुपमा स्थापित गर्ने
- यी प्रमुख कार्यहरुका साथै यस विभागलाई जनयुद्धका क्रममा ध्वस्त भएका भवन तथा संरचनाहरुको पुन:निर्माण तथा शिविर व्यवस्थापन सम्बन्धी कामको थप जिम्मेवारी प्राप्त हुनुका साथै अदालत तथा स्वास्थ्य मन्त्रालय अन्तरगतका स्वास्थय भवनहरुको निर्माण सुपरीवेक्षण लागत इष्टिमेट तथा डिजाइन जनता आवास कार्यक्रम आदिको जिम्मेवारी समेत यस विभागलाई प्राप्त भएको छ ।

## शहरी विकास तर्फ

- स्थानीय निकायहरुलाई आफ्नो योजना तथा कार्यक्रम सञ्चालन गर्न सक्ने तुल्याउन ती निकायहरुको प्राविधिक क्षमता अभिवृद्धी गर्न सहयोग गर्ने,
- स्थानीयतहहरु काबीच ती निकायहरुलाई प्रभाव पार्ने विकास योजनाको तर्जुमा र कार्यान्वयनमा समन्वय र साझेदारी कायम गर्ने,

- शहरी विकास तथा भवन निर्माणसम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजनाहरु तर्जुमा गर्ने र तिनको क्रमशः कार्यान्वयन गर्ने,
- शहरी वातावरण संरक्षण सम्बन्धी कार्य गर्ने,

## भवन तर्फ

सरकारी निकायहरुको भवन निर्माण, सुधार र पुनः निर्माणको लागि डिजाइन, लागत इष्टिमेट, जनता आवास कार्यक्रम र अन्य परामर्श सेवा उपलब्ध गराउने,

- सरकारी भवनहरुको डिजाइन तथा निर्माणमा संलग्न रहने परामर्शदाताहरुको गुणस्तर कायम गराउन आवश्यक मापदण्ड तथा निर्देशिका तयार गरि लागू गर्ने,
- भवन निर्माणसम्बन्धी निर्देशिका तथा नक्सा तयार गर्ने,
- भवन निर्माणका लागि साइट प्लान तयार गर्ने,
- भवनहरुको स्यानिटरी योजना वातानुकूलित प्रणाली (Air conditioning System), थर्मल इन्सुलेशन (Thermal Insulation), अकोष्टिक डिजाइन (Acoustic Design) लिफ्ट (Lift) तथा इस्कलेटर सिष्टम (Escalator System) हरुको विस्तृत डिजाइन रलागत इष्टिमेट तयार पार्नका लागि समन्वय गर्ने,
- सबै सरकारी भवनहरुको लागत अद्यावधिक गरी सोको आधारमा सरकारी भवन मर्मतसम्बन्धी दीर्घकालीन नीति तयार गरी कार्य गर्ने,
- भवन निर्माणसम्बन्धी अन्य मुलुकहरुमा अपनाइएको उपयुक्त प्रविधि छनौट गरी उक्त प्रविधि सरकारी तथा निजि क्षेत्रमा प्रयोग गर्न प्रचार प्रसार गर्ने,
- दररेट विश्लेषण तथा निर्माण डकुमेण्ट तयारी सम्बन्धी कार्य गर्ने,
- शहरी बस्तीहरुको व्यवस्थित विकास गर्दा आइपर्ने समस्याहरु समाधान गर्न र बढ्दो वातावरणीय समस्याको निराकरण गर्न आवश्यक कार्यनीति र विस्तृत योजना तर्जुमा गरी स्थानीय निकायहरुसँग समन्वय र साझेदारी कायम गर्दै क्रमशः लागु गर्दै जाने,

# आ.व. २०८१/८२ को पुष मसान्त सम्मको खर्चको विवरण

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम | खर्च % |
|---|---|---|---|
| १ | ३४७०१०११ | शहरी विकास तथा भवन निर्माण बिभाग | १२.१८% |
| २ | ३४७०१०१३ | संघिय सहरी विकास आयोजना कार्यान्वियन कार्यालयहरु | २९.७५% |
| ३ | ३४७०११०१ | आवास व्यवस्था कार्यक्रम | १.५७% |
| ४ | ३४७०११०२ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | १०.९०% |
| ५ | ३४७०११०३ | सघन शहरी विकास कार्यक्रम | २६.४३% |
| ६ | ३४७०११०५ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | ११.२५% |
| ७ | ३४७०११०७ | नेपाल - भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | २६.६९% |
| ८ | ३४७०११०८ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | १९.९५% |
| ९ | ३४७०१११० | नयाँ सहर आयोजना | ११.११% |
| १० | ३४७०११११ | क्षेत्रीय शहरी विकास कार्यक्रम | २६.३३% |
| ११ | ३४७०१११४ | बस्ती विकास कार्यक्रम | २.३५% |
| १२ | ३४७०१११७ | विशेष भवन निर्माण आयोजना | १७.९६% |
| १३ | ३४७०१११८ | शहरी कोरिडोर आयोजना | ८.१७% |
| १४ | ३४७०१११९ | शहरी उत्थानशिलता तथा जीवनयापन सुधार आयोजना | ०.५०% |
| | | झम्मा | ११.९६% |

